विधेयक संख्याः

# नेपाल पशु चिकित्सा परिषद् ऐन, २०५५ लाई संशोधन गर्न बनेको विधेयक

२०८२

## संघीय संसद सचिवालय

सिंहदरबार, काठमाडौं

## उद्देश्य र कारण

प्रत्येक नागरिकलाई नेपालको संविधानको धारा ३६ ले खाद्यको हक र धारा ४४ ले गुण्स्तरिय वस्तु र सेवा उपभोग गर्न पाउने मौलिक हकको व्यवस्था गरेको छ। पशु, पशुजन्य पदार्थ र पशु उत्पादन सामाग्रीको गुणस्तरिय उत्पादन र वितरणमा पशु चिकित्सकहरुको नेतृत्वदायी भूमिका हुन आउँछ। नेपाल पशु चिकित्सा परिषद् ऐन, २०५५ लागू भएको करिब २७ वर्ष व्यतित् हुन लाग्दा पशु चिकित्सा क्षेत्रका आयाममा व्यापक परिवर्तन आएको छ। यस ऐनको संशोधनबाट पशु चिकित्सकको नाम दर्ता, पशु चिकित्सा व्यवसाय तथा अध्ययन अध्यापन गर्ने शैक्षिक संस्थाको नियमन र पशु चिकित्सकको क्षेत्राधिकारको विषयलाई प्राविधिक दृष्टिकोणबाट थप विशिष्टकृत गर्न खोजिएको छ। यस संशोधनमा पशु चिकित्सा व्यवसायको परिभाषा, पशु चिकित्सकको नाम दर्ता परीक्षा सञ्चालन, विशेषज्ञ दर्ता, कसुर र सजायमा समयानुकुल परिमार्जन, मुद्दाको पुनरावेदनको व्यवस्था, निर्देशिका, मापदण्ड तथा कार्यविधि जारी गर्ने व्यवस्था गरिएको छ । मुद्दाको अनुसन्धान र दायरीको प्रक्रियालाई समेत स्पष्ट पारिएको र दण्ड जरीवानालाई समय सापेक्ष बनाईएको छ।

पशु चिकित्सा तथा पशु पालन विज्ञान अध्यापन गराउने शैक्षिक संस्थाको नियमन, शैक्षिक संस्थाहरुले प्रदान गर्ने उपाधिको मान्यता, पशु चिकित्सकको नाम दर्ता र पशु चिकित्सा व्यवसायको नियमन मार्फत दक्ष तथा प्रतिस्पर्धी पशु चिकित्सकको उत्पादन र गुणस्तरीय पशु चिकित्सा व्यवसायलाई प्रभावकारी बनाउदै किसानको गुणस्तरीय पशु चिकित्सा सेवा पाउने हक र उपभोक्ताले गुणस्तरीय पशुजन्य पदार्थ उपभोग गर्न पाउने हकलाई टेवा पुर्याउन नेपाल पशु चिकित्सा परिषद्, २०५५ संशोधन गर्न बनेको विधेयक संघीय संसदमा पेश गर्नु परेको हो।

मा. रामनाथ अधिकारी<br>
मन्त्री<br>
कृषि तथा पशुपन्छी विकास मन्त्रालय

## सैद्धान्तिक अवधारणा

नेपाल पशु चिकित्सा परिषद् ऐन, २०५५ लागू भएको करिब २७ वर्ष व्यतित हुन लाग्दा पशु चिकित्सा क्षेत्रका आयाममा व्यापकता परिवर्तन आएको छ । विश्व पशु स्वास्थ्य संगठनले जारी गरेका मापदण्डहरुमार्फत आन्तरिक तथा अन्तर्राष्ट्रिय पशु तथा पशुजन्य वस्तुको व्यापारमा पशु चिकित्सकको भूमिका बढ्दै गएको छ। बढ्दो पशु पालन क्षेत्रको व्यावसायिकरण सँगै मानिसमा पशुपन्छीबाट सर्ने रोगहरुमा बढोत्तरी भएकोले विशेषज्ञ पशु चिकित्सा सेवाको माग समेत बढ्दै गएको छ।

गुणस्तरिय पशु चिकित्सा व्यवसाय मार्फत पशुधनको सुरक्षा, पशु कल्याणको सुनिश्चितता र मानव स्वास्थ्यलाई संवर्द्धन गर्ने कार्यभार पशु चिकित्साकर्मीको रहेको छ। नेपालले अन्तर्राष्ट्रिय रुपमा गरेका पशु चिकित्सा क्षेत्रका प्रतिवद्धताहरूलाई पूरा गर्दै नेपालको संविधानले प्रत्याभूत गरेको खाद्यको हक र गुणस्तरीय वस्तु र सेवा उपभोगको हकलाई समेत सुनिश्चितताका लागि टेवा पुर्याउन गुणस्तरीय र प्रतिस्पर्धी पशु चिकित्सा सेवा उपलब्ध हुने गरी मौजुदा ऐनलाई संशोधन गर्न सातैवटा प्रदेश र केन्द्रिय स्तरमा विभिन्न विषय विज्ञहरू र सम्पूर्ण सरोकारवालाहरूको राय, परामर्श र सार्वजनिक सूचना मार्फत राय सुझाव माग गरी प्राप्त भएका राय सुझावहरू समेत समेटी यो संसोधन विधेयक तयार गरिएको हो।

नेपाल पशु चिकित्सा परिषद् ऐन, २०५५ लाई संशोधनका लागि प्रस्तुत विधेयकको मस्यौदा तयार गरी संघीय संसदमा पेश गर्न स्वीकृतिका लागि नेपाल सरकार, मन्त्रीपरिषद् समक्ष पेश गरिएको थियो। नेपाल सरकार, मन्त्रीपरिषद्को मिति २०८२/०३/०९ गतेको निर्णयबाट "नेपाल पशु चिकित्सा परिषद् ऐन, २०५५ लाई संशोधन गर्न बनेको विधेयक" संघीय संसद समक्ष पेश गर्न स्वीकृति प्राप्त भएकाले प्रस्तुत विधेयक पेश गरिएको हो।

मा. रामनाथ अधिकारी
मन्त्री
कृषि तथा पशुपन्छी विकास मन्त्रालय

## आर्थिक टिप्पणी

नेपाल पशु चिकित्सा परिषद् ऐन, २०५५ हाल कार्यान्वयनमा रहेको छ। सोही ऐन बमोजिम पशु चिकित्सा परिषद्को गठन भई कार्य गरी आएको छ। उक्त ऐन संशोधन गर्ने उद्देश्यले तयार भएको प्रस्तुत नेपाल पशु चिकित्सा परिषद् ऐन, २०५५ लाई संशोधन गर्न बनेको विधेयकमा प्रस्ताव गरिएका संशोधित व्यवस्था मूलतः पशु चिकित्सा तथा पशु पालन विज्ञान वा सो सरहको विधाको उपाधि दिने शिक्षण संस्थाको समय सापेक्ष नियमन तथा व्यवस्थापनका पक्ष र कानुनी तथा दण्ड सजायका व्यवस्थामा स्पष्टतासँग सम्बन्धित रहेकोले प्रस्तावित ऐन कार्यान्वयन गर्न नेपाल सरकारलाई कुनै थप आर्थिक दायित्व पर्ने देखिंदैन।

मा. रामनाथ अधिकारी
मन्त्री
कृषि तथा पशुपन्छी विकास मन्त्रालय

<u>व्याख्यात्मक टिप्पणी</u>

नेपाल पशु चिकित्सा परिषद् ऐन, २०५५ लाई संशोधन गर्न बनेको विधेयकको कार्यान्वयनमा देखिएको व्यवहारिक समस्याहरु समाधान गर्न, पशु चिकित्सक र पशु चिकित्सा व्यवसायलाई किसान र उपभोक्ताहरु विच जवाफदेहि, पारदर्शी र उत्तरदायी बनाउन आवश्यक देखिएकोले यो संशोधन विधेयक प्रस्ताव गरिएको हो।

| क्र. स. | दफा शिर्षक | व्याख्यात्मक टिप्पणी |
|---|---|---|
| १ | संक्षिप्त नाम र प्रारम्भ | यस ऐनको नाम "नेपाल पशु चिकित्सा परिषद् (पहिलो संशोधन) ऐन, २०८२" रहेको छ । (२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।<br>संशोधन ऐनको नाम स्पष्ट पारिएको छ ताकि प्रभावकारीता कायम रहोस |
| २ | नेपाल पशु चिकित्सा परिषद् ऐन, २०५५ को दफा २ मा संशोधन | पशु चिकित्सक र पशु चिकित्सा व्यवसायको परिभाषा स्पष्ट पारिएको । |
| ३ | मूल ऐनको दफा ७ मा संशोधन | बिभेद झल्कने भाषामा सुधार गरिएको। |
| ४ | मूल ऐनको दफा ९ मा संशोधन | शैक्षिक संस्था, पशु चिकित्सा व्यवसाय, पशु चिकित्सा विषयको अध्ययन अनुसन्धान र विशेषज्ञ पशु चिकित्सकको दर्ता र नियमनलाई व्यवस्थित गर्नु पर्ने भएकोले |
| ५ | मूल ऐनमा दफा ११क. र ११ख. थप | पशु चिकित्सकको नाम दर्ता परीक्षा सम्बन्धी प्रकृयालाई ऐनमा नै समावेस गरि स्पष्ट गर्न आवश्यक भएकोले। |
| ६ | मूल ऐनको दफा १२ मा संशोधन | १२(१). नाम दर्ता परीक्षामा उत्तीर्ण व्यक्तिले नाम दर्ताको लागि आवेदन दिने व्यवस्था स्पष्ट पारिएको।<br>१२(२). नाम दर्ताको आवेदनमा नाम दर्ता परीक्षा उत्तीर्ण गरेको प्रमाणपत्र राख्नु पर्ने व्यवस्था गरिएको। |
| ७ | मूल ऐनको दफा १३ मा संशोधन | १३. **<u>नाम दर्ता गरी दर्ता प्रमाणपत्र दिने</u>:** परिषद्मा नाम दर्ता गरी प्रमाणपत्र प्रदान गर्ने प्रक्रियालाई व्यवस्थित गरी प्रमाणपत्र जारी गर्ने व्यवस्थालाई थप स्पष्ट पारीएकोले कार्यसम्पादनमा एकरुपता आउने छ। |
| ८ | मूल ऐनको दफा १४ मा संशोधन | बिभेद झल्कने भाषामा सुधार गरिएको। |
| ९ | मूल ऐनमा दफा १६क. थप | १६क. **<u>पशु चिकित्सकले प्रदान गर्न पाउने पशु चिकित्सा सेवा</u>:** पशु चिकित्सा तथा पशु सेवा क्षेत्रमा विभिन्न शैक्षिक योग्यता भएका जनशक्तिले सेवा प्रवाह गर्ने गरेकोले पशु चिकित्सकले सम्पादन गर्नु पर्ने |

| | | |
|---|---|---|
| | | विशिष्टकृत पशु चिकित्सा सेवा किटान गरी पशु चिकित्सक र अन्य प्राविधिक जनशक्तिहरुको कामलाई स्पष्ट गर्नु आवश्यक भएको छ। यस व्यवस्थाले पशु माथि हुने दुर्व्यवहारलाई नियन्त्रण गरी पशु कल्याणमा टेवा पुर्याउने छ। |
| १० | मूल ऐनको दफा २६ मा संशोधनः | **२६. मुद्दाको अनुसन्धान र दायरीः** नेपाल पशु चिकित्सा परिषद्को संरचना देशव्यापी नभएकोले अनुसन्धानको कार्य पशु सेवा विभाग अन्तर्गत कार्यरत दर्तावाल पशु चिकित्सकलाई समेत दिने गरी व्यवस्था गरिएकोले न्याय सम्पादनको कार्यलाई मितव्ययी र छिटो छरितो बनाउन अर्धन्यायिक निकायको रुपमा पशु चिकित्सा परिषद्ले सम्पादन गर्ने र अदालतबाट न्यायिक निरुपण हुने कसुरहरुमा स्पष्टता कायम गरिएको छ। |
| ११ | मूल ऐनको दफा २७ मा संशोधन | **२७. कसुर तथा दण्ड सजायः** (१) कसुर तथा दण्ड सजायमा समयानुकुल परिमार्जन गरिएको छ।<br>(२) आचार संहिता उल्लंघन गर्ने पशु चिकित्सकलाई दर्ता किताबबाट नाम हटाउने मात्र व्यवस्था रहेकोले उक्त नाम हटाउनु अघि निजलाई नसिहत दिने, जरिवाना गर्ने, र निलम्बन गर्नसक्ने व्यवस्था थप गरिएकाले आचार संहिता कार्यन्वयन प्रक्रिया व्यवस्थित पार्न खोजिएको छ। |
| १२ | मूल ऐनमा दफा २७क., २७ख. र दफा २७ग. थप | "२७क. **क्षतिपूर्ति भराइदिनेः** कसैले यस ऐन बमोजिमको कसुर गरी कसैलाई हानि नोक्सानी पुऱ्याएमा त्यस्तो कसुरबाट पीडितलाई पुग्न गएको वास्तविक हानि नोक्सानी बापत क्षतिपूर्ति भराई दिने व्यवस्था थप गरिएको छ।<br>२७ख. **नेपाल सरकार वादी हुनेः** यस ऐन अन्तर्गतको मुद्दालाई सरकारवादी मुद्दा कायम गर्ने व्यवस्था थप गरिएको छ।<br>२७ग. **पुनरावेदनः** परिषद्को निर्णय उपर चित्त नबुझेमा पुनरावेदन गर्न पाउने अधिकार सुनिश्चित गरिएको छ। |
| १३ | मूल ऐनमा दफा २८क. थप | **"२८क. अधिकार प्रत्यायोजनः** परिषदका कार्यसम्पादनलाई छिटो छरितो बनाउन परिषद्ले मातहतका पदाधिकारी वा कर्मचारीलाई अधिकार प्रत्यायोजन गर्न सक्ने व्यवस्था गरिएको छ। |
| १४ | मूल ऐनको दफा २९ मा संशोधनः | **"२९. नियम विनियम, निर्देशिका, कार्यविधि तथा मापदण्ड बनाउने अधिकारः** यस ऐन अन्तर्गतका नियमहरु नेपाल सरकार, मन्त्रिपरिषद्बाट |

| | | |
|---|---|---|
| | | स्वीकृत भएपछि लागू हुने व्यवस्था गरिएको छ। र मन्त्रालयको परामर्शमा परिषद्ले आवश्यक विनियम, निर्देशिका, कार्यविधि तथा मापदण्ड बनाउन सक्ने व्यवस्था गरिएको छ। |

मा. रामनाथ अधिकारी
मन्त्री
कृषि तथा पशुपन्छी विकास मन्त्रालय

**प्रत्यायोजित व्यवस्थापन सम्बन्धि टिप्पणी**

| क्र. सं. | दफा/उपदफा/खण्ड | प्रत्यायोजित व्यवस्थापनको कारण | प्रत्यायोजित व्यवस्थापन अन्तर्गत बनाईने कानूनको प्रकृति र सीमा | प्रत्यायोजित व्यवस्थापनबाट पर्न सक्ने प्रभाव |
|---|---|---|---|---|
| १ | नयाँ थप भएका दफा २८क. बमोजिम | परिषद्मा रहेको केहि अधिकार परिषद्का पदाधिकारी र कर्मचारीलाई दिन सक्ने | यस विषयमा कुनै नियमहरु बनाईने छैनन्। | यस व्यवस्थाले परिषद्को दैनिक कार्य सम्पादनमा सहजता ल्याउनेछ। |
| २ | मुल ऐनको २९ बमोजिम | ऐनले दिएको अधिकारलाई कार्यान्वयन गर्न नियम विनियम, निर्देशिका, कार्यविधि तथा मापदण्ड बनाउने अधिकार दिईएको छ नेपाल सरकार र परिषद्लाई दिईएको छ। | दफा ९ ले दिएको परिषद्को काम, कर्तव्य र अधिकारलाई कार्यान्वयन गर्न नेपाल सरकार मन्त्रीपरिषदले नियमावली बनाउने छ।<br>ऐन र नियमावलीको अधीनमा रही मन्त्रालयको परामर्शमा आवश्यक विनियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउन सक्ने । | सबैको अपनत्व कायम भई कार्यान्वयन सहज हुनका साथै परिषद्ले तयार गरेका विनियम, निर्देशिका, कार्यविधि र मापदण्ड मन्त्रालयको जानकारीमा रहने। |

मा. रामनाथ अधिकारी
मन्त्री
कृषि तथा पशुपन्छी विकास मन्त्रालय

# <u>नेपाल पशु चिकित्सा परिषद् ऐन, २०५५ लाई संशोधन गर्न बनेको विधेयक</u>

**<u>प्रस्तावना</u>**ः नेपाल पशु चिकित्सा परिषद् ऐन, २०५५ लाई संशोधन गर्न वाञ्छनीय भएकोले, सङ्घीय संसदले यो ऐन बनाएको छ ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस ऐनको नाम "नेपाल पशु चिकित्सा परिषद् (पहिलो संशोधन) ऐन, २०८२" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **<u>नेपाल पशु चिकित्सा परिषद् ऐन, २०५५ को दफा २ मा संशोधनः</u>** नेपाल पशु चिकित्सा परिषद् ऐन, २०५५ (यस पछि "मूल ऐन" भनिएको) को दफा २ को,-

(१) खण्ड (च) को सट्टा देहायको खण्ड (च) राखिएको छः-

"(च) "पशु चिकित्सक" भन्नाले परिषद्बाट मान्यता प्राप्त शिक्षण संस्थाबाट पशु चिकित्सा तथा पशु पालन विज्ञान (वि.भि.एस्सी. एण्ड ए.एच.) वा सो सरहको विषयमा कम्तीमा स्नातक उपाधि प्राप्त गरेको व्यक्ति सम्झनु पर्छ।"

(२) खण्ड (च) पछि देहायको खण्ड (च१) थपिएको छः-

"(च१) "पशु चिकित्सा व्यवसाय" भन्नाले पशु स्वास्थ्य र उपचार, पशु औषधीको प्रेस्क्रिप्सन, पशु उत्पादन, पशु प्रजनन्, पशु पोषण, पशु कल्याण, पशुजन्य खाद्य पदार्थ र पशु स्वास्थ्य क्षेत्रमा गरिने अध्ययन, अध्यापन, अनुसन्धान, गुणस्तर नियमन, फरेन्सिक जाँच, प्रमाणीकरण र पशु चिकित्सा सम्बन्धी कार्य सम्झनु पर्छ।"

३. **<u>मूल ऐनको दफा ७ मा संशोधनः</u>** मूल ऐनको दफा ७ को खण्ड (ङ) को सट्टा देहायको खण्ड (ङ) राखिएको छः-

"(ङ) शारीरिक वा मानसिक अस्वस्थताको कारण परिषद्को सदस्यको रूपमा कार्य सम्पादन गर्न असमर्थ भएको।"

४. **<u>मूल ऐनको दफा ९ मा संशोधनः</u>** मूल ऐनको दफा ९ को,-

(१) खण्ड (घ) मा रहेका "निर्धारित योग्यता पूरा गरेका" भन्ने शब्दहरू पछि "र परिषद्ले सञ्चालन गरेको पशु चिकित्सक दर्ता परीक्षा उत्तीर्ण गरेका" भन्ने शब्दहरू थपिएका छन्।

(२) खण्ड (ङ) पछि देहायका खण्ड (ङ१), (ङ२), (ङ३), (ङ४), (ङ५), र (ङ६) थपिएका छन्:-

"(ङ१) पशु चिकित्सा तथा पशुपालन विज्ञान (वि.भि.एस्सी. एण्ड ए.एच.) विषय अध्ययन अध्यापन गराउने शिक्षण संस्थाले कायम गर्नु पर्ने न्यूनतम भौतिक पूर्वाधार तथा शैक्षिक कार्यक्रमको सम्बन्धमा राष्ट्रिय मापदण्ड तयार गरी लागू गर्ने।

(ङ२) पशु चिकित्सा सेवा प्रदान गर्ने संस्थामा हुनु पर्ने सुविधा तथा पूर्वाधारको न्यूनतम मापदण्ड तयार गरी लागू गर्ने।

(ङ३) पशु अध्ययन तथा अनुसन्धानका लागि पशुको प्रयोग सम्बन्धी राष्ट्रिय मापदण्ड तयार गरी नेपाल सरकारको स्वीकृतिको लागि कृषि तथा पशुपन्छी विकास मन्त्रालयमा सिफारिस गर्ने।

(ङ४) खण्ड (ङ३) बमोजिम स्वीकृत राष्ट्रिय मापदण्डको अधीनमा रही अध्ययन तथा अनुसन्धानका लागि पशुको इथिकल प्रयोग सम्बन्धमा स्वीकृति प्रदान गर्ने।

(ङ५) दर्तावाल पशु चिकित्सकको व्यावसायिक क्षमता अभिवृद्धि गर्नका लागि निरन्तर शिक्षा कार्यक्रम सञ्चालन गर्ने।

(ङ६) दर्तावाल पशु चिकित्सकको अध्ययनको विषय र कार्य अनुभवको आधारमा विशेषज्ञ पशु चिकित्सक दर्ता गर्ने।

(३) खण्ड (च) मा रहेका "पशु चिकित्सा शिक्षा दिने शिक्षण संस्था" भन्ने शब्दहरूको सट्टा "पशु चिकित्सा तथा पशु पालन विज्ञान शिक्षा दिने शिक्षण संस्था" भन्ने शब्दहरू राखिएका छन्।

५. **मूल ऐनमा दफा ११क. र ११ख. थपः** मूल ऐनको दफा ११ पछि देहायका दफा ११क. र ११ख. थपिएका छन्:-

"११क. **पशु चिकित्सक दर्ता परीक्षाः** (१) परिषद्‌ले पशु चिकित्सकको दर्ताको लागि वर्षको कम्तीमा एक पटक लिखित परीक्षा सञ्चालन गर्नेछ।

(२) उपदफा (१) बमोजिम परिषद्‌ले सञ्चालन गर्ने परीक्षाको पाठ्यक्रम, उत्तीर्णाङ्क तथा परीक्षा सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

११ख. **परीक्षामा सहभागी हुन दरखास्त दिनेः** (१) पशु चिकित्सक दर्ताको लागि सञ्चालन गरिने परीक्षामा सहभागी हुन चाहने पशु चिकित्सकको रूपमा दर्ता हुन योग्यता पुगेका व्यक्तिले परिषद्‌ले सूचना प्रकाशन गरी निर्धारण गरेको अवधिभित्र देहाय बमोजिमका कागजात तथा विवरण संलग्न गरी तोकिए बमोजिमको ढाँचामा परिषद्‌मा दरखास्त दिनु पर्नेछ:-

(क) पशु चिकित्सकको रूपमा परिषद्‌मा दर्ता हुनको लागि चाहिने शैक्षिक योग्यता वा उपाधिको प्रमाणपत्रको प्रतिलिपि,

(ख) नेपाली नागरिकताको प्रतिलिपि वा विदेशी नागरिक भएमा राहदानीको प्रतिलिपि,

(ग) विदेशी नागरिक भएमा पशु चिकित्सकको रूपमा नेपालमा काम गर्नको लागि प्रचलित कानून बमोजिम प्रदान गरिएको स्वीकृतिपत्रको प्रतिलिपि।

(२) उपदफा (१) बमोजिम पर्न आएको दरखास्त उपर रजिष्ट्रारले आवश्यक जाँचबुझ गर्दा पशु चिकित्सकको रूपमा परिषद्‌मा नाम दर्ता गराउन चाहिने योग्यता पूरा भएको, त्यस्तो

उपाधिको मान्यता प्राप्त भएको र दरखास्त रीतपूर्वक पेश भएमा दरखास्त स्वीकृत गरी दरखास्तवालालाई परीक्षाको प्रवेशपत्र दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम जाँचबुझ गर्दा कुनै दरखास्तवालाले पेश गरेको शैक्षिक योग्यता वा उपाधि पशु चिकित्सकको रूपमा दर्ता हुनको लागि निर्धारित भए बमोजिम रहे नरहेको वा त्यस्तो उपाधि मान्यता प्राप्त भए नभएको सम्बन्धमा द्विविधा भएमा रजिष्ट्रारले सो विषयमा निर्णयको लागि परिषद् समक्ष पेश गर्नु पर्नेछ।"

६. **<u>मूल ऐनको दफा १२ मा संशोधनः</u>** मूल ऐनको दफा १२ को,-

(१) उपदफा (१) मा रहेका "नाम दर्ता गराउन चाहने व्यक्तिले" भन्ने शब्दहरूको सट्टा "नाम दर्ता गराउन परिषद्ले सञ्चालन गरेको पशु चिकित्सक दर्ता परीक्षा उत्तीर्ण व्यक्तिले" भन्ने शब्दहरू राखिएका छन्।

(२) उपदफा (३) मा रहेका "उपाधि तथा तत्सम्बन्धी अन्य कागजात" भन्ने शब्दहरूको सट्टा "उपाधि तथा तत्सम्बन्धी अन्य कागजात, परिषद्ले सञ्चालन गरेको पशु चिकित्सक दर्ता परीक्षा उत्तीर्ण गरेको विवरण" भन्ने शब्दहरू राखिएका छन्।

७. **<u>मूल ऐनको दफा १३ मा संशोधनः</u>** मूल ऐनको दफा १३ को सट्टा देहायको दफा १३ राखिएको छः-

"१३. **<u>नाम दर्ता गरी दर्ता प्रमाणपत्र दिनेः</u>** (१) दफा १२ बमोजिम पर्न आएको दरखास्त उपर रजिष्ट्रारले आवश्यक जाँचबुझ गर्दा दरखास्तवालाले पेश गर्नु पर्ने कागजात तथा प्रमाणपत्र पेश गरेको र परिषद्ले सञ्चालन गरेको पशु चिकित्सक दर्ता परीक्षा उत्तीर्ण गरेको पाइएमा निजको नाम दर्ता गर्न परिषद् समक्ष प्रतिवेदन पेश गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम पेश गरेको प्रतिवेदनको आधारमा परिषद्ले दरखास्तवालाको नाम दर्ता किताबमा दर्ता गर्ने निर्णय गर्नेछ ।

(३) उपदफा (२) बमोजिम विदेशी नागरिकको नाम दर्ता गर्दा निजलाई नेपालमा काम गर्न प्रचलित कानून बमोजिम प्रदान गरिएको स्वीकृतिपत्रको अधीनमा रही आवधिक रूपमा दर्ता गर्नु पर्नेछ।

(४) उपदफा (२) बमोजिम परिषद्ले दरखास्तवालाको नाम दर्ता हुने निर्णय गरेपछि रजिष्ट्रारले त्यस्तो दरखास्तवालाको नाम दर्ता किताबमा दर्ता गरी निजलाई तोकिए बमोजिमको ढाँचामा दर्ता प्रमाणपत्र दिनु पर्नेछ।"

८. **<u>मूल ऐनको दफा १४ मा संशोधनः</u>** मूल ऐनको दफा १४ को उपदफा (१) को खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छः-

"(क) शारीरिक वा मानसिक अस्वस्थताको कारण परिषद्को सदस्यको रूपमा कार्य सम्पादन गर्न असमर्थ भएको,"

९. **मूल ऐनमा दफा १६क. थपः** मूल ऐनको दफा १६ पछि देहायको दफा १६क. थपिएको छः-

"१६क. **पशु चिकित्सकले प्रदान गर्न पाउने पशु चिकित्सा सेवाः** (१) दर्तावाल पशु चिकित्सकले पशु चिकित्सा व्यवसाय सम्बन्धी सेवा प्रदान गर्न पाउनेछ ।

(२) जनरल र रिजनल एनेस्थेसियामा गरिने पशुको शल्यक्रिया, थेराप्यूटिक हर्मोन, रेडियोथेरापी, भ्रूण उत्पादन, केमोथेरापी, जनरल र रिजनल एनेस्थेसिया, पशुको करुणादायी मृत्यु, भेट्रोलिगल पोष्टमार्टम, पशुको निरोगिताको प्रमाणपत्र, पशुजन्य पदार्थ तथा पशु उत्पादन सामग्रीको स्वास्थ्य प्रमाणीकरण र प्रचलित कानून बमोजिम पशु चिकित्सकले मात्र गर्न पाउने भनी तोकिएका पशु औषधिको प्रेस्क्रिप्सन सम्बन्धी सेवा दर्तावाल पशु चिकित्सकले मात्र प्रदान गर्न पाउनेछ।"

१०. **मूल ऐनको दफा २६ मा संशोधनः** मूल ऐनको दफा २६ को सट्टा देहायको दफा २६ राखिएको छः-

"२६. **मुद्दाको अनुसन्धान र दायरीः** (१) यस ऐनको दफा २७ बमोजिम सजाय हुने कसुरको अनुसन्धान परिषद्को अधिकृत वा पशु सेवा विभाग अन्तर्गत कार्यरत दर्तावाल पशु चिकित्सक मध्येबाट पशु सेवा विभागको महानिर्देशकको सहमतिमा परिषद्ले तोकेको अधिकृतले गर्नेछ।

(२) उपदफा (१) बमोजिम अनुसन्धान अधिकृतले अनुसन्धानको काम पूरा गरेपछि सरकारी वकिलको राय लिई सम्बन्धित जिल्ला अदालतमा मुद्दा दायर गर्नेछ।

(३) दफा २७ को उपदफा (३) र (४) बमोजिमको कसुरमा परिषद्ले तोकेको समितिले उजुरीको अनुसन्धान गरी परिषद्मा प्रतिवेदन पेश गर्नेछ। सो प्रतिवेदन समेतको आधारमा कसुरको अवस्था हेरी परिषद्ले सजाय गर्नेछ।"

११. **मूल ऐनको दफा २७ मा संशोधनः** मूल ऐनको दफा २७ को,-

(१) उपदफा (२) र (३) को सट्टा देहायका उपदफा (२) र (३) राखिएका छन्:-

"(२) उपदफा (१) बमोजिम कसुर गर्ने व्यक्तिलाई कसुरको मात्रा हेरी पचास हजार रुपैंयाँसम्म जरिबाना वा छ महिनासम्म कैद वा दुवै सजाय हुनेछ।

(३) दफा ९ को खण्ड (ङ) बमोजिम परिषदले लागू गरेको आचारसंहिता उलङ्घन गरेमा कसुरको मात्रा हेरी परिषद्ले देहाय बमोजिमको सजाय गर्नेछः-

(क) नसिहत दिने,

(ख) पचास हजार रुपैयाँ सम्म जरिवाना गर्ने,

(ग) अधिकतम छ महिना सम्मका लागि पशु चिकित्सा व्यवसाय गर्न नपाउने गरी निलम्बन गर्ने, र

(घ) दर्ता किताबबाट नाम हटाउने।"

(२) उपदफा (३) पछि देहायको उपदफा (४) राखिएको छः-

"(४) उपदफा (१) र (३) मा उल्लेख भएकोमा बाहेक यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरीत हुने गरी कसैले कुनै काम गरेमा त्यस्तो व्यक्तिलाई परिषद्ले तीस हजार रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ।"

१२. **<u>मूल ऐनमा दफा २७क., २७ख. र दफा २७ग. थपः</u>** मूल ऐनको दफा २७ पछि देहायका दफा २७क., २७ख. र २७ग. थपिएका छन्ः-

"२७क. **<u>क्षतिपूर्ति भराइदिनेः</u>** कसैले यस ऐन बमोजिमको कसुर गरी कसैलाई हानि नोक्सानी पुऱ्याएमा त्यस्तो कसुरबाट पीडितलाई पुग्न गएको वास्तविक हानि नोक्सानी बापत मुद्दा हेर्ने अदालतले कसुरदारबाट मनासिब क्षतिपूर्ति भराई दिनेछ।

२७ख. **<u>नेपाल सरकार वादी हुनेः</u>** यस ऐन अन्तर्गतको मुद्दामा नेपाल सरकार वादी हुनेछ।

२७ग. **<u>पुनरावेदनः</u>** यस ऐन वमोजिम परिषद्ले गरेको निर्णयमा चित्त नबुझ्ने व्यक्तिले निर्णय थाहा पाएको मितिले ३५ दिन भित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन गर्न सक्नेछ।"

१३. **<u>मूल ऐनमा  दफा २८क. थपः</u>** मूल ऐनको दफा २८ पछि देहायको दफा २८क. थपिएको छः-

"**२८क. <u>अधिकार प्रत्यायोजनः</u>** परिषद्ले यस ऐन बमोजिम आफूलाई प्राप्त अधिकारमध्ये केही अधिकार आवश्यकता अनुसार परिषद्को अध्यक्ष, उपाध्यक्ष, सदस्य वा अन्य कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ।"

१४. **<u>मूल ऐनको दफा २९ मा संशोधनः</u>** मूल ऐनको दफा २९ को सट्टा देहायको दफा २९ राखिएको  छः-

"**२९. <u>नियम, विनियम, निर्देशिका, कार्यविधि तथा मापदण्ड बनाउने अधिकारः</u>** (१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न परिषद्ले आवश्यक नियमहरु बनाउन सक्नेछ र त्यसरी बनाएको नियम नेपाल सरकार, मन्त्रिपरिषद्बाट स्वीकृत भएपछि मात्र लागू हुनेछ।

(२) यस ऐन र यस ऐन अन्तर्गत बनेको नियमको अधीनमा रही परिषद्ले मन्त्रालयको परामर्शमा आवश्यक विनियम, निर्देशिका, कार्यविधि तथा मापदण्ड बनाउन सक्नेछ।"

# नेपाल पशु चिकित्सा परिषद् ऐन, २०५५ लाई संशोधन गर्न बनेको विधेयक

## तिन महले विवरण

| क्र.सं. | दफा, उपदफा तथा खण्ड उपखण्ड | हालको व्यवस्था | संशोधनका लागि प्रस्तावित व्यवस्था | संशोधन गर्नु पर्नाको कारण |
|---|---|---|---|---|
| १ | १ | **१. <u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस ऐनको नाम "नेपाल पशु चिकित्सा परिषद् ऐन,२०५५" रहेको छ ।<br>(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ। | **१. <u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस ऐनको नाम "नेपाल पशु चिकित्सा परिषद् (पहिलो संशोधन) ऐन,२०८२" रहेको छ ।<br>(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ । | कानुनको ढाँचामा राखिएको |
| २ | २ खण्ड (च) | (च) "पशु चिकित्सक" भन्नाले परिषद्बाट मान्यता प्राप्त शिक्षण संस्थाबाट पशु चिकित्सा विषयमा कम्तीमा स्नातकोपाधि प्राप्त गरेको व्यक्ति सम्झनु पर्दछ। | नेपाल पशु चिकित्सा परिषद् ऐन, २०५५ (यस पछि "मूल ऐन" भनिएको) को दफा २ को,-<br>(१) खण्ड (च) को सट्टा देहायको खण्ड (च) राखिएको छः-<br>"(च) "पशु चिकित्सक" भन्नाले परिषद्बाट मान्यता प्राप्त शिक्षण संस्थाबाट पशु चिकित्सा तथा पशु पालन विज्ञान (वि.भि.एस्सी. एण्ड ए.एच.) वा सो सरहको विषयमा कम्तीमा स्नातक उपाधि प्राप्त गरेको व्यक्ति सम्झनु पर्छ।" | पशु चिकित्सकहरुले प्राप्त गर्ने उपाधि र काम गर्ने क्षेत्र अनुसार परिभाषित गरिएको |
| ३ | २ खण्ड (च) | हाल व्यवस्था नभएको | (२) खण्ड (च) पछि देहायको खण्ड (च१) थपिएको छः-<br>"(च१) "पशु चिकित्सा व्यवसाय" भन्नाले पशु स्वास्थ्य र उपचार, पशु औषधीको प्रेस्क्रिप्सन, पशु उत्पादन, पशु प्रजनन्, पशु पोषण, पशु कल्याण, पशुजन्य खाद्य पदार्थ र पशु स्वास्थ्य क्षेत्रमा गरिने अध्ययन, अध्यापन, अनुसन्धान, गुणस्तर नियमन, फरेन्सिक जाँच, प्रमाणीकरण र पशु चिकित्सा सम्बन्धी कार्य सम्झनु पर्छ।" | मौजुदा ऐनमा पशु चिकित्सा व्यवसायको परिभाषा छुट भएकाले। |
| ४ | ७ | (ङ) मगज बिग्रेको | मूल ऐनको दफा ७ को खण्ड (ङ) को सट्टा देहायको खण्ड (ङ) राखिएको छः-<br>"(ङ) शारीरिक वा मानसिक अस्वस्थताको कारण परिषद्को सदस्यको रूपमा कार्य सम्पादन गर्न असमर्थ भएको।" | बिभेद झल्कने भाषामा सुधार गरिएको |

| | | | | |
|---|---|---|---|---|
| ५ | ९ | खण्ड (घ) पशु चिकित्सकहरुको योग्यता निर्धारण गर्ने र त्यसरी निर्धारित योग्यता पूरा गरेका पशु चिकित्सकहरुको नाम दर्ता गरी अद्यावधिक अभिलेख राख्ने। | मूल ऐनको दफा ९ को,-<br>(१) खण्ड (घ) मा रहेका "निर्धारित योग्यता पूरा गरेका" भन्ने शब्दहरू पछि "र परिषद्ले सञ्चालन गरेको पशु चिकित्सक दर्ता परीक्षा उत्तीर्ण गरेका" भन्ने शब्दहरू थपिएका छन्। | परिषद्ले सञ्चालन गरेको नाम दर्ता परीक्षा उत्तिर्ण गरेको विषयलाई समावेस गरीएको। |
| ६ | ९ | हाल व्यवस्था नभएको | (२) खण्ड (ङ) पछि देहायका खण्ड (ङ१), (ङ२), (ङ३), (ङ४), (ङ५), र (ङ६)<br>(ङ१) पशु चिकित्सा तथा पशुपालन विज्ञान (वि.भि.एस्सी. एण्ड ए.एच.) विषय अध्ययन अध्यापन गराउने शिक्षण संस्थाले कायम गर्नु पर्ने न्यूनतम भौतिक पूर्वाधार तथा शैक्षिक कार्यक्रमको सम्बन्धमा राष्ट्रिय मापदण्ड तयार गरी लागू गर्ने। | चिकित्सकहरूलाई अध्यापन गराउने शिक्षण संस्थाले चिकित्सकलाई उपाधीको न्युनतम मापदण्ड तयार गरी लागु गरी नियमन गर्न राष्ट्रिय मापदण्ड आवश्यक भएकोले। |
| ७ | ९ | हाल व्यवस्था नभएको | (ङ२) पशु चिकित्सा सेवा प्रदान गर्ने संस्थामा हुनु पर्ने सुविधा तथा पूर्वाधारको न्यूनतम मापदण्ड तयार गरी लागू गर्ने। | पशु चिकित्सा व्यवसाय प्रदान गर्ने संस्था/निकायहरूबाट गुणस्तरीय सेवा प्रवाह सुनिश्चितताको लागि राष्ट्रिय मापदण्ड तयार गरी लागु गर्न आवश्यक भएकोले। |
| ९ | ९ | हाल व्यवस्था नभएको | (ङ३) पशु अध्ययन तथा अनुसन्धानका लागि पशुको प्रयोग सम्बन्धी राष्ट्रिय मापदण्ड तयार गरी नेपाल सरकारको स्वीकृतिको लागि कृषि तथा पशुपन्छी विकास मन्त्रालयमा सिफारिस गर्ने। | अध्ययन तथा अनुसन्धान कार्यमा पशुको प्रयोग गर्दा विश्व पशु स्वास्थ्य संगठनको मापदण्ड अनुरूप पशुको कल्याण सुनिश्चित हुने गरी अध्ययन अनुसन्धान कार्य गर्न राष्ट्रिय मापदण्ड आवश्यक भएकोले। |
| ९ | ९ | हाल व्यवस्था नभएको | (ङ४) खण्ड (ङ३) बमोजिम स्वीकृत राष्ट्रिय मापदण्डको अधीनमा रही अध्ययन तथा अनुसन्धानका लागि पशुको इथिकल प्रयोग सम्बन्धमा स्वीकृति प्रदान गर्ने। | पशु अध्ययन तथा अनुसन्धान कार्यका लागि पशुको कल्याण सुनिश्चित गर्न एकद्वार नीति अवलम्बन गर्न आवश्यक भएकोले। |
| १० | ९ | हाल व्यवस्था नभएको | (ङ५) दर्तावाल पशु चिकित्सकको व्यावसायिक क्षमता अभिवृद्धि गर्नका लागि निरन्तर शिक्षा कार्यक्रम सञ्चालन गर्ने। | विश्वव्यापी तथा क्षेत्रीय स्तरमा उपलब्ध नवीनतम चिकित्सा विधिहरू दर्तावाल पशु |

| | | | | |
|---|---|---|---|---|
| | | | | चिकित्सकहरूलाई हस्तान्तरण गरी सीप, ज्ञान तथा प्रविधिमा अद्यावधिक गराउन आवश्यक भएकोले। |
| ११ | ९ | हाल व्यवस्था नभएको | (ङ६) दर्तावाल पशु चिकित्सकको अध्ययनको विषय र कार्य अनुभवको आधारमा विशेषज्ञ पशु चिकित्सक दर्ता गर्ने। | विभिन्न तहका सीप तथा ज्ञान परीक्षण गरी विशेषज्ञ पशु चिकित्सकको दर्जा दिन आवश्यक भएकोले। |
| १२ | ९ खण्ड (च) | खण्ड (च) पशु चिकित्सा शिक्षा दिने शिक्षण संस्था र त्यस्त शैक्षिक संस्थाले प्रदान गरेका प्रमाण पत्र तथा उपाधिलाई तोकिए बमोजिम मान्य तथा दिने। | खण्ड (च) मा रहेका "पशु चिकित्सा शिक्षा दिने शिक्षण संस्था" भन्ने शब्दहरूको सट्टा "पशु चिकित्सा तथा पशु पालन विज्ञान शिक्षा दिने शिक्षण संस्था" भन्ने शब्दहरू राखिएका छन्। | पशु चिकित्सा तथा पशुपालन विषय (बि.भि.एस्सी. एण्ड ए.एच.) उपाधिलाई समेत समावेश गर्न आवश्यक भएकोले। |
| १३ | ११क | हाल व्यवस्था नभएको | "११क. <u>**पशु चिकित्सक दर्ता परीक्षा:**</u> (१) परिषद्ले पशु चिकित्सकको दर्ताको लागि वर्षको कम्तीमा एक पटक लिखित परीक्षा सञ्चालन गर्नेछ।<br>(२) उपदफा (१) बमोजिम परिषद्ले सञ्चालन गर्ने परीक्षाको पाठ्यक्रम, उत्तीर्णाङ्क तथा परीक्षा सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ। | पशु चिकित्सकहरुले सेवा दिनु पूर्व परिषद्ले निर्धारण गरेको न्यूनतम् मापदण्ड र विश्व पशु स्वास्थ्य संगठनले निर्धारण गरेको मापदण्ड अनुरूप समकक्षता मापन गरी पशु चिकित्सकको दर्ता गर्न परीक्षण आवश्यक भएकोले। |
| १४ | ११ख | हाल व्यवस्था नभएको | ११ख. <u>**परीक्षामा सहभागी हुन दरखास्त दिने:**</u> (१) पशु चिकित्सक दर्ताको लागि सञ्चालन गरिने परीक्षामा सहभागी हुन चाहने पशु चिकित्सकको रूपमा दर्ता हुन योग्यता पुगेका व्यक्तिले परिषद्ले सूचना प्रकाशन गरी निर्धारण गरेको अवधिभित्र देहाय बमोजिमका कागजात तथा विवरण संलग्न गरी तोकिए बमोजिमको ढाँचामा परिषद्मा दरखास्त दिनु पर्नेछः-<br>(क) पशु चिकित्सकको रूपमा परिषद्मा दर्ता हुनको लागि चाहिने शैक्षिक योग्यता वा उपाधिको प्रमाणपत्रको प्रतिलिपि,<br>(ख) नेपाली नागरिकताको प्रतिलिपि वा विदेशी नागरिक भएमा राहदानीको | परीक्षालाई कानुन बमोजिम व्यवस्थित गर्न प्रकृयागत विषय स्पष्ट पार्न आवश्यक भएकोले लागि। |

| | | | | |
|---|---|---|---|---|
| | | | प्रतिलिपि,<br>(ग) विदेशी नागरिक भएमा पशु चिकित्सकको रूपमा नेपालमा काम गर्नको लागि प्रचलित कानून बमोजिम प्रदान गरिएको स्वीकृतिपत्रको प्रतिलिपि।<br>(२) उपदफा (१) बमोजिम पर्न आएको दरखास्त उपर रजिष्ट्रारले आवश्यक जाँचबुझ गर्दा पशु चिकित्सकको रूपमा परिषद्मा नाम दर्ता गराउन चाहिने योग्यता पूरा भएको, त्यस्तो उपाधिको मान्यता प्राप्त भएको र दरखास्त रीतपूर्वक पेश भएमा दरखास्त स्वीकृत गरी दरखास्तवालालाई परीक्षाको प्रवेशपत्र दिनु पर्नेछ।<br>(३) उपदफा (२) बमोजिम जाँचबुझ गर्दा कुनै दरखास्तवालाले पेश गरेको शैक्षिक योग्यता वा उपाधि पशु चिकित्सकको रूपमा दर्ता हुनको लागि निर्धारित भए बमोजिम रहे नरहेको वा त्यस्तो उपाधि मान्यता प्राप्त भए नभएको सम्बन्धमा द्विविधा भएमा रजिष्ट्रारले सो विषयमा निर्णयको लागि परिषद् समक्ष पेश गर्नु पर्नेछ। | |
| १५ | १२ | १२. नाम दर्ताको लागि दरखास्त दिनेः (१) परिषद्मा नाम दर्ता गराउन चहाने व्यक्तिले तोकिए बमोजिमको ढाँचामा परिषद् समक्ष दरखास्त दिनु पर्नेछ।<br>(२) यो ऐन प्रारम्भ हुँदाका बखत पशु चिकित्सा व्यवसाय गरिरहेका व्यक्तिले यो ऐन प्रारम्भ भएको मितिले छ महिना भित्र परिषद् समक्ष नाम दर्ता गराउनका लागि उपदफा (१) बमोजिम दरखास्त दिनु पर्ने छ।<br>(३) उपदफा (१) वा (२) बमोजिम नाम दर्ता गराउन दरखास्त दिने व्यक्तिले दरखास्त साथ आफूले प्राप्त | मूल ऐनको दफा १२ को,-<br>(१) उपदफा (१) मा रहेका "नाम दर्ता गराउन चाहने व्यक्तिले" भन्ने शब्दहरूको सट्टा "नाम दर्ता गराउन परिषद्ले सञ्चालन गरेको पशु चिकित्सक दर्ता परीक्षा उत्तीर्ण व्यक्तिले" भन्ने शब्दहरू राखिएका छन्।<br>(२) उपदफा (३) मा रहेका "उपाधि तथा तत्सम्बन्धी अन्य कागजात" भन्ने शब्दहरूको सट्टा "उपाधि तथा तत्सम्बन्धी अन्य कागजात, परिषद्ले सञ्चालन गरेको पशु चिकित्सक दर्ता परीक्षा उत्तीर्ण गरेको विवरण" भन्ने शब्दहरू राखिएका छन्। | परिषद्ले सञ्चालन गरेको परीक्षा उत्तिर्ण ब्यक्तिलाई परिषद्को नाम दर्ता किताबमा दर्ता गराउन आवश्यक भएकोले।<br>परीक्षा उत्तिर्ण विवरण आवश्यक भएकोले। |

| | | | | |
|---|---|---|---|---|
| | | गरेका प्रमाणपत्र, उपाधि तथा तत्सम्बन्धी अन्य कागजात र तोकिए बमोजिमको दस्तुर संकलन गर्नु पर्नेछ। | | |
| १६ | १३ | १३. दरखास्त उपर कारबाही र दर्ताको प्रमाण पत्रः (१) दफा १२ बमोजिम पर्न आएको दरखास्त उपर रजिष्ट्रारले आवश्यक जाँचबुझ गरी दर्ता किताबमा नाम दर्ता गर्न सम्बन्धित समितिमा पेश गर्नु पर्नेछ।<br>(२) उपदफा (१) बमोजिम पशे हुन आएको दरखास्त उपर सम्बन्धित समितिले योग्यता सम्बन्धी उपाधि मान्यता प्राप्त हो होईन र दरखास्त रीतपूर्वकको छ छैन भन्ने कुराको समेत जाँचबुझ गरी पन्ध्र दिन भित्र परिषद् समक्ष प्रतिवेदन पशे गर्नु पर्नेछ।<br>(३) उपदफा (२) बमोजिमको समितिले पेश गरेको प्रतिवेदनको आधारमा परिषद्ले दरखास्तवालाको नाम दर्ता कितावमा दर्ता गर्ने नगर्ने कुराको निर्णय गर्नेछ।<br>(४) उपदफा (३) बमोजिम परिषद्ले दरखास्तवालाको नाम दर्ता हुने निर्णय गरेकोमा रजिष्ट्रारले त्यस्तो दरखास्तवालाको नाम दर्ता किताबमा दर्ता गरी निजलाई तोकिएको ढाँचामा दर्ताको प्रमाणपत्र | मूल ऐनको दफा १३ को सट्टा देहायको दफा १३ राखिएको छः-<br>"१३. **नाम दर्ता गरी दर्ता प्रमाणपत्र दिनेः** (१) दफा १२ बमोजिम पर्न आएको दरखास्त उपर रजिष्ट्रारले आवश्यक जाँचबुझ गर्दा दरखास्तवालाले पेश गर्नु पर्ने कागजात तथा प्रमाणपत्र पेश गरेको र परिषद्ले सञ्चालन गरेको पशु चिकित्सक दर्ता परीक्षा उत्तीर्ण गरेको पाइएमा निजको नाम दर्ता गर्न परिषद् समक्ष प्रतिवेदन पेश गर्नु पर्नेछ।<br>(२) उपदफा (१) बमोजिम पेश गरेको प्रतिवेदनको आधारमा परिषद्ले दरखास्तवालाको नाम दर्ता किताबमा दर्ता गर्ने निर्णय गर्नेछ ।<br>(३) उपदफा (२) बमोजिम विदेशी नागरिकको नाम दर्ता गर्दा निजलाई नेपालमा काम गर्न प्रचलित कानून बमोजिम प्रदान गरिएको स्वीकृतिपत्रको अधीनमा रही आवधिक रूपमा दर्ता गर्नु पर्नेछ।<br>(४) उपदफा (२) बमोजिम परिषद्ले दरखास्तवालाको नाम दर्ता हुने निर्णय गरेपछि रजिष्ट्रारले त्यस्तो दरखास्तवालाको नाम दर्ता किताबमा दर्ता गरी निजलाई तोकिए बमोजिमको ढाँचामा दर्ता प्रमाणपत्र दिनु पर्नेछ।" | कानुन अनुसार नाम दर्ता तथा प्रमाण पत्र वितरण गर्ने कार्यलाई व्यवस्थित गर्नको लागि।<br>कानुन अनुसार नेपाली चिकित्सकका लागि तोकिए अनुसार विदेशी पशु चिकित्सकलाई समेत नेपालमा कार्य गर्दा कानुन बमोजिम दर्ता प्रक्रिया पुरा गरे पश्चात मात्र सेवा प्रवाह सुनिश्चित गर्न।<br><br>कानुन अनुसार नाम दर्ता तथा प्रमाण पत्र वितरण गर्ने कार्यलाई व्यवस्थित गर्नको लागि। |

| | | | | |
|---|---|---|---|---|
| | | दिनु पर्नेछ। परिषद्ले दरखास्तवालाको नाम दर्ता नगर्ने निर्णय गरेकोमा रजिष्ट्रारले त्यसको जानकारी दरखास्तवालालाई दिनु पर्नेछ। | | |
| १७ | १४ | (क) मगज बिग्रेको | मूल ऐनको दफा १४ को उपदफा (१) को खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छः-<br>"(क) शारीरिक वा मानसिक अस्वस्थताको कारण परिषद्को सदस्यको रूपमा कार्य सम्पादन गर्न असमर्थ भएको," | बिभेद झल्कने भाषामा सुधार गरिएको |
| १८ | १६क. | हाल व्यवस्था नभएको | मूल ऐनको दफा १६ पछि देहायको दफा १६क. थपिएको छः-<br>"१६क. **पशु चिकित्सकले प्रदान गर्न पाउने पशु चिकित्सा सेवा**ः (१) दर्तावाल पशु चिकित्सकले पशु चिकित्सा व्यवसाय सम्बन्धी सेवा प्रदान गर्न पाउनेछ ।<br>(२) जनरल र रिजनल एनेस्थेसियामा गरिने पशुको शल्यक्रिया, थेराप्यूटिक हर्मोन, रेडियोथेरापी, भ्रूण उत्पादन, केमोथेरापी, जनरल र रिजनल एनेस्थेसिया, पशुको करुणादायी मृत्यु, भेट्रोलिगल पोष्टमार्टम, पशुको निरोगिताको प्रमाणपत्र, पशुजन्य पदार्थ तथा पशु उत्पादन सामग्रीको स्वास्थ्य प्रमाणीकरण र प्रचलित कानून बमोजिम पशु चिकित्सकले मात्र गर्न पाउने भनी तोकिएका पशु औषधिको प्रेस्क्रिप्सन सम्बन्धी सेवा दर्तावाल पशु चिकित्सकले मात्र प्रदान गर्न पाउनेछ।" | पशु चिकित्सकले प्रदान गर्ने व्यवसाय भित्रका विशिष्ठिकृत सेवालाई परिभाषित गर्न आवश्यक भएकोले। |
| १९ | २६ | २६. **अनुसन्धान तहकिकात तथा मुद्दा चलाउने अधिकारीः** दफा २७ बमोजिमको कसूरको अनुसन्धान तहकिकात गर्ने तथा मुद्दा चलाउने अधिकारी वा निकाय र तत्सम्बन्धी कार्यविधि नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिए बमोजिम हुनेछ। | मूल ऐनको दफा २६ को सट्टा देहायको दफा २६ राखिएको छः-<br>"२६. **मुद्दाको अनुसन्धान र दायरीः** (१) यस ऐनको दफा २७ बमोजिम सजाय हुने कसुरको अनुसन्धान परिषद्को अधिकृत वा पशु सेवा विभाग अन्तर्गत कार्यरत दर्तावाल पशु चिकित्सक मध्येबाट पशु सेवा विभागको महानिर्देशकको सहमतिमा परिषद्ले तोकेको अधिकृतले गर्नेछ।<br>(२) उपदफा (१) बमोजिम अनुसन्धान अधिकृतले अनुसन्धानको काम पूरा गरेपछि सरकारी वकिलको राय लिई सम्बन्धित जिल्ला अदालतमा मुद्दा | अनुसन्धान तथा मुद्दा दायरी प्रक्रियालाई थप ब्याख्या गर्न आवश्यक भएकाले। |

| | | | | |
|---|---|---|---|---|
| | | | दायर गर्नेछ।<br>(३) दफा २७ को उपदफा (३) र (४) बमोजिमको कसुरमा परिषद्ले तोकेको समितिले उजुरीको अनुसन्धान गरी परिषद्मा प्रतिवेदन पेश गर्नेछ। सो प्रतिवेदन समेतको आधारमा कसुरको अवस्था हेरी परिषद्ले सजाय गर्नेछ।" | |
| २० | २७ | २७. **कसुर तथा दण्ड सजायः** (१) दफा ११ बमोजिम परिषदमा नाम दर्ता नगराई पशु चिकित्सा व्यवसाय गरेमा यस ऐन बमोजिम कसुर गरेकव मानिनेछ।<br>(२) उपदफा (१) बमोजिम कसुर गर्ने व्यक्तिलाई तीन हजार रुपैयाँसम्म जरिवाना वा तीन महिनासम्म कैद वा दुवै सजाय हुने छ।<br>(३) उपदाफ (२) मा लेखिएदेखि बाहेक यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावलीको विपरीत हुने गरी कुनै काम गर्ने व्यक्तिलाई दुई हजार रुपैयाँ सम्म जरिवाना हुनेछ। | मूल ऐनको दफा २७ को,-<br>(१) उपदफा (२) र (३) को सट्टा देहायका उपदफा (२) र (३) राखिएका छन्:-<br>"(२) उपदफा (१) बमोजिम कसुर गर्ने व्यक्तिलाई कसुरको मात्रा हेरी पचास हजार रुपैयाँसम्म जरिबाना वा छ महिनासम्म कैद वा दुवै सजाय हुनेछ।<br>(३) दफा ९ को खण्ड (ङ) बमोजिम परिषदले लागू गरेको आचारसंहिता उलङ्घन गरेमा कसुरको मात्रा हेरी परिषद्ले देहाय बमोजिमको सजाय गर्नेछः-<br>(क) नसिहत दिने,<br>(ख) पचास हजार रुपैयाँ सम्म जरिवाना गर्ने,<br>(ग) अधिकतम छ महिना सम्मका लागि पशु चिकित्सा व्यवसाय गर्न नपाउने गरी निलम्बन गर्ने, र<br>(घ) दर्ता किताबबाट नाम हटाउने।"<br>(२) उपदफा (३) पछि देहायको उपदफा (४) राखिएको छः-<br>"(४) उपदफा (१) र (३) मा उल्लेख भएकोमा बाहेक यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरीत हुने गरी कसैले कुनै काम गरेमा त्यस्तो व्यक्तिलाई परिषद्ले तीस हजार रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ।" | दण्ड, जरिवाना र सजायलाई समय सापेक्ष परिमार्जन गर्न आवश्यक भएकोले। |
| २१ | २७क. | हाल व्यवस्था नभएको | **मूल ऐनमा दफा २७क., २७ख. र दफा २७ग. थपः** मूल ऐनको दफा २७ पछि देहायका दफा २७क., २७ख. र २७ग. थपिएका छन्:-<br>"२७क. **क्षतिपूर्ति भराइदिनेः** कसैले यस ऐन बमोजिमको कसुर गरी कसैलाई हानि नोक्सानी पुऱ्याएमा त्यस्तो कसुरबाट पीडितलाई पुग्न गएको वास्तविक हानि नोक्सानी बापत मुद्दा हेर्ने अदालतले कसुरदारबाट मनासिब क्षतिपूर्ति भराई दिनेछ। | कानुन विपरित भएका कार्यमा पिडितलाई पुग्न जाने क्षतिको क्षतिपूर्ति प्रदान गर्न आवश्यक भएकोले। |

| | | | | |
|---|---|---|---|---|
| २२ | २७ख. | हाल व्यवस्था नभएको | २७ख. <u>नेपाल सरकार वादी हुनेः</u> यस ऐन अन्तर्गतको मुद्दामा नेपाल सरकार वादी हुनेछ।" | कानुन बमोजिम गर्न आवश्यक भएकोले। |
| २३ | | हाल व्यवस्था नभएको | २७ग. **<u>पुनरावेदनः</u>** यस ऐन वमोजिम परिषद्ले गरेको निर्णयमा चित्त नबुझने व्यक्तिले निर्णय थाहा पाएको मितिले ३५ दिन भित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन गर्न सक्नेछ।" | मुद्दाको विपक्षिको पुनरावेदनको अधिकार सुनिश्चित गर्नुपर्ने भएकोले |
| २४ | २८ | हाल व्यवस्था नभएको | मूल ऐनको दफा २८ पछि देहायको दफा २८क. थपिएको छः-<br>**"२८क. <u>अधिकार प्रत्यायोजनः</u>** परिषद्ले यस ऐन बमोजिम आफूलाई प्राप्त अधिकारमध्ये केही अधिकार आवश्यकता अनुसार परिषद्को अध्यक्ष, उपाध्यक्ष, सदस्य वा अन्य कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ।" | अधिकार प्रत्यायोजन मार्फत परिषद्को कार्यसम्पादनमा सहजिकारका लागि |
| २४ | २९क. | हाल व्यवस्था नभएको | मूल ऐनको दफा २९ को सट्टा देहायको दफा २९ राखिएको छः-<br>"२९. **<u>नियम विनियम, निर्देशिका, कार्यविधि तथा मापदण्ड बनाउने अधिकारः</u>**<br>(१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न परिषद्ले आवश्यक नियमहरु बनाउन सक्नेछ र त्यसरी बनाएको नियम नेपाल सरकार, मन्त्रिपरिषद्बाट स्वीकृत भएपछि मात्र लागू हुनेछ।<br>(२) यस ऐन र यस ऐन अन्तर्गत बनेको नियमको अधीनमा रही परिषद्ले मन्त्रालयको परामर्शमा आवश्यक विनियम, निर्देशिका, कार्यविधि तथा मापदण्ड बनाउन सक्नेछ।" | अधिकार प्रत्यायोजन गर्न आवश्यक भएकोले। |